## नेपाल नागरिक उड्डयन प्राधिकरणको
## महानिर्देशक पदमा पदपूर्तिको लागि दरखास्त आव्हानसम्बन्धी सूचना

प्रकाशन मितिः २०८३/०१/१२

नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा १९ को (१) बमोजिम प्राधिकरणको कार्य सञ्चालनको निमित्त कार्यकारी प्रमुखको रूपमा रिक्त महानिर्देशक पदमा नियुक्त गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका नेपाल सरकारको सेवामा वा प्राधिकरणको सेवामा रहेका इच्छुक उम्मेदवारहरूले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार, काठमाडौंमा आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**१. उम्मेदवारको योग्यता तथा अनुभवः**

(क) नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा १९ को उपदफा (१) बमोजिम नेपाल सरकारको सेवामा वा प्राधिकरणको सेवामा बहाल रहेको,

(ख) कुनै विदेशी मुलुकको नागरिकता वा स्थायी/अस्थायी आवासीय अनुमतिपत्र वा सुविधा नलिएको।

**२. पेश गर्नुपर्ने कागजातहरूः**

(क) अनुसूची-१ बमोजिमको ढाँचामा आवेदन फाराम,

(ख) अनुसूची-२ बमोजिमको स्वघोषणा,

(ग) नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाप्रति,

(घ) शैक्षिक योग्यताको प्रमाणपत्रको छाँयाप्रति तथा विदेशी विश्वविद्यालयबाट अध्ययन गरेको भए समकक्षताको प्रमाणपत्र,

(ङ) संस्थाको नाम, सेवा अवधि वर्ष, महिना, दिन समेत खुलेको अनुभवको प्रमाणपत्र,

(च) नागरिक उड्डयन वा व्यवस्थापनको क्षेत्रमा कुनै विशेष तालिम लिएको भए सोको प्रमाणपत्र,

(छ) वैयक्तिक विवरण (बायोडाटा),

(ज) नेपाली वा अङ्ग्रेजी भाषामा तयार पारिएको कम्तिमा तीन हजार शब्दको छुट्टै सिलबन्दी गरिएको व्यावसायिक कार्ययोजना (तीन प्रति),

**पुनश्चः** (ग) देखि (च) सम्मका पेश भएका कागजातहरू नोटरी पब्लिकबाट प्रमाणित हुनु पर्नेछ।

**३. उम्मेदवारको मूल्याङ्कनः** उम्मेदवारहरूको मूल्याङ्कन अनुसूची-३ बमोजिमको मूल्याङ्कनका आधारमा रही मन्त्रालयले गर्नेछ।

**४. प्रस्तुतिकरण तथा अन्तर्वार्ताः** दरखास्त स्वीकृत भई संक्षिप्त सूचीमा परेका उम्मेदवारले तोकिएको स्थान, मिति र समयमा प्रस्तुतिकरण तथा अन्तर्वार्तामा सहभागी हुनुपर्नेछ।

**५. पारिश्रमिक तथा सुविधाः** प्राधिकरणको प्रचलित नियमानुसार।

६. यस सूचनाबमोजिम रीतपूर्वक प्राप्त हुन नआएको दरखास्त अस्वीकृत हुनेछ।

७. थप जानकारीका लागि मोबाइल नं. ९८५१३१२७२२ वा इमेल admin@tourism.gov.np सम्पर्क गर्न सकिनेछ।

**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**

अनुसूची-१

# आवेदन फारामको ढाँचा

श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

सिंहदरबार, काठमाडौं।

## क. वैयक्तिक विवरण

**१.उम्मेदवारको नामः**

**२. जन्म मितिः**

| | वर्ष | महिना | गते |
|---|---|---|---|
| वि.सं. | | | |
| ई.स. | | | |

**३. स्थायी ठेगाना :**

| | |
|---|---|
| जिल्ला/प्रदेशः- | न.पा./गा.पा.:-<br>वडा नं.:- |
| टेलिफोन नं. :-<br>मोबाईल नं. :- | ईमेल ठेगानाः- |

**४. अस्थायी ठेगाना :**

| | |
|---|---|
| जिल्ला/प्रदेशः- | न.पा./गा.पा. :-<br>वडा नं. :- |
| टेलिफोन नं. :- | मोबाईल नं. :- |

**५. नेपाली नागरिकताको प्रमाणपत्रसम्बन्धी विवरण :**

| | |
|---|---|
| नागरिकता नं.- | जारी जिल्ला र मितिः- |

**६. पति/पत्निको नामः**

**७. बाबु/आमाको नामः**

**८. बाजेको नामः**

**९. स्थायी लेखा नम्बरः**

**१०.धर्मः**

## ख. शैक्षिक योग्यताको विवरण

| क.स. | उपाधि | विश्वविद्यालय | श्रेणी वा जि.पि.ए. | उत्तीर्ण साल | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**ग. अनुभवको विवरण**

| क.स. | काम गरेको निकाय | पद | कार्य अवधि | | मुख्य कार्य विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

१०. संलग्न कागजातहरू

१.

२.

३.

४.

५.

माथि उल्लेख भएका सबै विवरण र कागजात साँचो हो, झुट्ठा ठहरे कानूनबमोजिम सहुँला बुझाउँला।

| दायाँ | बायाँ |
|---|---|
| | |

दस्तखतः

मितिः

अनुसूची-२

# स्व-घोषणा

म मुलुक र जनताको सर्वोत्तम हितलाई ध्यानमा राखी, व्यक्तिगत स्वार्थभन्दा माथि उठेर पदीय जिम्मेवारी निर्वाह गर्नका लागि **नेपाल नागरिक उड्डयन प्राधिकरण**को **महानिर्देशक** पदमा नियुक्ति हुनका लागि प्रचलित कानूनमा तोकिएबमोजिमका सम्पूर्ण योग्यता पूरा गरेको एवम् कानूनबमोजिम अयोग्य नरहेको हुँदा देहायबमोजिमका विवरणसहित यो स्व-घोषणा गरी पेश गरेको छु।

नाम, थर (नेपालीमा): Name (In English): ..................................

१. जन्म मितिः वि.सं.: इ.सं.:

२. स्थायी ठेगानाः ........................................ अस्थायी ठेगानाः ........................................

३. नेपाली नागरिकताको प्रमाणपत्र/राष्ट्रिय परिचयपत्र नं.:
जारी मिति र जिल्लाः

४. सम्पर्क नं.: इमेलः ........................................

५. शैक्षिक योग्यताः

६. मैले कुनै पनि विदेशी मुलुकको नागरिकता वा स्थायी/अस्थायी आवासीय अनुमति पत्र वा सुविधा प्राप्त गरेको छैन।

७. म हाल कुनै पनि अन्तर्राष्ट्रिय वा विदेशी सहायताद्वारा सञ्चालित गैरसरकारी संस्थामा आबद्ध छैन।

८. म भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको छैन।

९. म हाल कुनै पनि राजनीतिक दलको सदस्य रहेको छैन।

१०. मैले भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तुसम्बन्धी कसूर, अपहरणसम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाएको छैन।

११. म कुनैपनि दामासाहीमा परेको, किर्ते वा जालसाजीको आरोपमा सजाय पाएको छैन।

१२. मेरा विरुद्धमा कुनै पनि तहको अदालतबाट कुनै पनि किसिमको सजाय वा जरिवाना तोकिएको छैन र मैले तिर्न बुझाउनसमेत बाँकी छैन।

१३. नियुक्ति हुन लागेको संस्था वा निकायसँग पेसागत वा व्यावसायिक रूपले मेरो कुनै किसिमले स्वार्थ बाझिने अवस्था रहेको छैन।

१४. अन्य प्रचलित कानूनबमोजिम सार्वजनिक पदमा नियुक्तिको लागि अयोग्य छैन।

**मैले माथि गरिदिएको स्व-घोषणाको व्यहोरा ठिक साँचो हो। झुठा ठहरे कानूनबमोजिम सहुँला बुझाउँला।**

**स्वघोषणा गर्ने व्यक्तिको -**

**दस्तखतः**

दायाँ बायाँ

**मिति :**

**स्व-घोषणा गराउने अधिकृतको -**

**दस्तखतः**

**नाम, थरः**

**पदः**

**कार्यालयः**

अनुसूची-३

## मूल्याङ्कनका आधारहरू

देहायबमोजिम कूल ५० अङ्कको मूल्याङ्कनका आधारमा मन्त्रालयले आवेदकहरू मध्येबाट महानिर्देशकको छनौट गरी नियुक्तिका लागि सिफारिस गर्नेछ।

<u>देहायः-</u>

| | | |
|---|---|---|
| **(क) शैक्षिक योग्यता** | | ४ |
| (अ) स्नातक तह उत्तीर्ण | २ अङ्क | |
| (आ) स्नातकोत्तर तह वा सोभन्दा माथि | थप २ अङ्क | |
| **(ख) अनुभव** | | ६ |
| (अ) ५ वर्षको अनुभव भएमा | ३ अङ्क | |
| (आ) सोभन्दा माथि प्रत्येक २ वर्षको १ अङ्कका दरले बढीमा | थप ३ अङ्क | |
| **(ग) व्यावसायिक कार्ययोजना** | | १५ |
| (अ) विषयवस्तु | ३ अङ्क | |
| (आ) प्राधिकरणको विद्यमान कार्य सञ्चालनको अवस्थाको ज्ञान | ४ अङ्क | |
| (इ) प्राधिकरणका समस्या, अवसर र चुनौतीहरूको विश्लेषण | ४ अङ्क | |
| (ई) प्राधिकरणको भावी रणनीतिक योजनाको खाका | ४ अङ्क | |
| **(घ) प्रस्तुतीकरण** | | १५ |
| (अ) समग्र तयारी | ३ अङ्क | |
| (आ) प्रस्तुतीकरण | ६ अङ्क | |
| (इ) नेतृत्व गर्न सक्ने क्षमता | ६ अङ्क | |
| **(ङ) अन्तर्वार्ता** | | १० |
| (अ) व्यक्तित्व | २ अङ्क | |
| (आ) विषयवस्तुको ज्ञान र प्रस्तुति | ५ अङ्क | |
| (इ) अन्तर वैयक्तिक सञ्चार | ३ अङ्क | |